<ネパール語>

# कामाकुरामा जीवनयापन गरौं

## ～बसाइ बारे बहुभाषिक गाइडबुक～



जापानमा कोठा खोज्ने बेला, भाडामा लिने बेला, नबुझेको कुरा छन होला।

जापानको जीवनयापनमा नबुझेका ब्यक्तिहरुलाई लक्षित गरी, यो गाइडबुक तयारगरिएको छ।

अवश्य, प्रयोग गर्नुहोला।

◆उक्त ब्यक्तिलाई सहयोग गर्ने महानुभावहरु◆

यो गाइडबुक, कोठा खोज्ने उक्त ब्यक्ति मात्र हैन, सहयोग गर्नुहुने महानुभावहरुले पनि बुझिदिनुहोस् भनेर जानकारीहरु राखेका छौं। पहिलेनै राम्ररी हेरेर, उक्त ब्यक्तिलाई कोठा खोज्न सहयोग गर्नेवेला यो हेर्दै भनिदिन सकिनेहुदाँ उपयोग गर्नुहोला।

कामाकुरा नगरपालिका बसाइ सहयोग समिति

「बुझाउन खोजेको कुरा नबुझ्ने ! 」त्यस्तो बेला・・・

◆अनुवादक आउश्यक परेको बेलाको सम्पर्कगर्ने ठाँउ

## रियल स्टेट तथा अन्य सम्बन्धित अढ्डामा जान चाहेमा

○कानागावा बिदेशी आवास सहयोग केन्द्रमा

- सम्पर्क ०४५-२२८-१७५२
- खुला समय १० बजे ～५ बजे
- बोलिने भाषा ・सरल जापानी ・चाइनिज ・अंग्रेजी ・कोरियन ・स्पेनिस ・पर्चुगिज ・टागलोग ・भियतनामि ・थाइ ・नेपाली

※बोलिने भाषा बार अनुसार फरक हुने हुँदा सम्पर्क गर्नुहोला

## नगरपालीकाको शाखाहरुमा अनुवादक चाहिएको बेला

○कामाकुरा नगरपालिका संस्कृती मानवाधीकार शाखा

- सम्पर्क ०४६७-६१-३८७०
- खुला समय ९ बजे～५ बजे
- बोलिने भाषा सल्लाह गर्नुहोला।

「अग्रीम बुकिङ आवश्यक चाहेको मिति भन्दा ३ दिन पहिले सम्म अनुरोध पत्र पेश गर्नुहोला।

※चाहेको मिति र समयमा नहून पनि सक्छभन्ने कुरा पहिले नै मनन् गर्नुहून अनुरोध गर्दछौं।」

## जापानमा कोठा भाडामा लिनुपर्दा? (के यो जापानको संस्कृति हो?)

◆प्राय अपार्टमेन्ट वा मान्सनहरु, घरबेटि बाट सिधै भाडामा लिन मिल्दैन।
घरबेटिको सट्टा, 「रियल स्टेट」ले कोठा खाली भएको जानकारी लगाएत भाडामा दिने सबै कन्ट्र्याक्ट गर्छन्।




◆भाडामा लिँदा「ग्यारेन्टि ब्यक्ति」अथवा「अकस्मात सम्पर्क गर्नुपर्ने चिनेको ब्यक्ति」साक्षी आवश्यक पर्छ।

◎ग्यारेन्टि गर्ने ब्यक्ति भन्नाले

तपाइले कोठाभाडा नतिर्दा, तपाइको सट्टामा कोठा भाडा सम्म तिर्ने जिम्मेवारी लिएको ब्यक्ति

◎ग्यारेन्टि कम्पनी

हाल, ग्यारेन्टि ब्यक्तिको काम「ग्यारेन्टि कम्पनी」ले गर्ने पनि बढ्दै आएको छ।

(जानकारीको लागी : बिदेशीहरुको ग्यारेन्टि बसिदिने कम्पनी　※केहि नमुनाहरु)

〇बिदेशीको लागी बिशेष

| कम्पनीको नाम | फोन |
|---|---|
| ग्लोबल ट्रस्ट नेटवर्कस | ०३-६८०४-६८०१ |
| जापान हाउजिंग ट्रस्ट | ०३-६९१५-०८८८ |

〇बिदेशीको लागी पनि

| कम्पनीको नाम | फोन |
|---|---|
| जेष्टनागरिक आवास फाउन्डेसन | ०३-६८८०-२७८१ |
| फोरसिज | ०३-३४३४-३७२५ |
| जापान सेफ्टि— | ०३-५४४६-५७०० |
| कासा | ०३-५३३९-११४३ |

◎अकस्मात सम्पर्क गर्नुपर्ने चिनेको ब्यक्ति भन्नाले

घरबेटि वा रियल स्टेटले तपाईसंग सम्पर्क नभएको अवस्थामा सम्पर्क गर्ने ब्यक्तिको फोन वा इमेल।
तपाईको सट्टा कोठा भाडा तिर्नु पर्ने भने हुने छैन।


※「ग्यारेन्टि ब्यक्ति」अथवा「अकस्मात सम्पर्क गर्नुपर्ने चिनेको ब्यक्ति」नभएमा, कामाकुरा नगरपालिका बसाइ सहयोग समितिको कार्यलयमा सम्पर्क गर्नुहोला।

कामाकुरा नगरपालिका बसाइ सहयोग समितिको कार्य (कानागावा आवास नगर प्रवर्धन समुह)
फोन ०४५-६६८-६८९६

कामाकुरा नगरपालिका　आवास शाखा
फोन ०४६७-६१-३६७९

| प्रकार | बयान | लागत खर्च |
|---|---|---|
| डिपोजिट | तपाईले पैसा नतिरेमा वा कोठा एकदम फोहोर गरे, बिगारे बापत घरबेटिले लिने डिपोजिट हो। हरेक महिना समयमै भाडा तिरेर राम्ररी बसेमा कोठा छोड्दा फिर्ता आउछ। जापानको कल्चर हो। | भाडा शुल्कको १～२ महिना जति |
| धन्वाद रकम | जापानको कल्चर हो।<br>घरबेटिलाई 「धन्यवाद」 स्वरुप दिने रकम हो। | भाडा शुल्कको ०～२ महिना जति |
| बिचौलिया शुल्क | रियल स्टेटलाइ तिर्ने शूल्क हो। | भाडा शुल्कको १ महिना+कर |
| पहिले भाडा तिर्ने | कोठा भाडा अर्को महिनाको अहिले तिर्नु पर्छ।<br>कन्ट्याक्ट गर्दा बस्ने दिनबाट गनेर त्यो महिनाको बाँकि दिन र अर्को महिनाको भाडा तिर्नु पर्छ। | बसेकोमहिनाको भाडा (दिनगन्ति) +अर्को महिनाको भाडा |
| क्षति बीमा शूल्क | बसेको बेला तपाईको कारण आगलागी वा पानी बगेर भएको क्षति, घरबेटी वा अन्य कोठामा बस्नेलाइ क्षतिपुर्ति तिर्नुपर्ने हुदा बीमामा पसेर शुल्क तिर्नु पर्छ। | १५,०००येन ～२०,०००येन |
| ग्यारेन्टि शुल्क | ग्यारेन्टि बस्ने मान्छे राख्नुको सट्टा, ग्यारेन्टि कम्पनीले तपाईको ग्यारेन्टि गर्ने अवस्थामा, उक्त कम्पनीलाई ग्यारेन्टि शूल्क तिर्नु पर्छ।<br>【सावधान】भाडा नतिरेको अवस्तामा, ग्यारेन्टि कम्पनीलाई भाडा तिर्नुहोला। | भाडा शुल्कको आधा महिना बाट १महिना जति (ग्यारेन्टि दिने कुरा अनुसार ) |
| साँचो परिवर्तन | ताल्चा फेरेर नयाँ साँचो दिने हुनाले लाग्ने खर्च हो। | १०,०००येन ～२०,०००येन |
| LP ग्यास को धरौटि | बस्ने घरमा LP ग्यास प्रयोग गरिने रहेछ भने, ग्यास कम्पनीलाइ धरौटि राख्नु पर्छ।यो घरको धरौटि जस्तै, छोडने बेला साधारणतया फिर्ता आउछ। | १०,०००येन जति (ग्यास कम्पनी अनुसार) |
| जम्मा | | कोठा भाडाको ३～६ महिना जति |

◆कोठाभाडा महिनाको अगाडि तिर्ने हो।(यो महिना तिरेको भाडा अर्को महिनाको शुल्क हो।)



## ◆भाडामा लिएपछि पनि खर्च लाग्छ।

कन्ट्याक्ट नविकरण गर्दा (प्राय जसो २ बर्षमा १ पटक) यो खर्च लाग्छ।

२ बर्षपछीको लागी, अलि अलि गरेर जम्मा गरौं


| प्रकार | बयान | लागत खर्च |
|---|---|---|
| नविकरण शुल्क | कन्ट्याक्ट नविकरण गर्दा, घरबेटिलाई तिर्ने रकम हो। | भाडा शुल्कको १ महिना |
| क्षति बीमा शूल्क़ नविकरण | कोठा भाडा लिँदा क्षति बिमा र गयारेन्टि कम्पनीको म्याद पनि २ बर्षमा सकिने हुन्छ। त्यसपछिको २ बर्षको लागी पुनः नविकरण गर्नु पर्दछ। | १५,०००येन ~२०,०००येन |
| ग्यारेन्टि शुल्क नविकरण | | भाडा शुल्कको आधा महिना बाट १महिना जति (ग्यारेन्टि दिने कुरा अनुसार ) |




## ◆अप्ठ्यारो पर्दा यस्तो कागज पत्र पनि छ हेर्नुहोस्।

कानागावा बिदेशी आवास सहयोग केन्द्रबाट प्रकाशित【कोठा सर्ने मेनुअल】

सम्पर्क ०४५-२२८-१७५२



## ल, कोठा खोजौं !

### ◆भाडामा लिने ब्यक्ति र बस्ने ब्यक्ति, साधारणतया एउटै

आफुखुसी अरुलाई कोठामा बस्न दिनु हुदैन। अरु मान्छे बस्दा पहिले नै घरबेटी (रियल स्टेट) संग सल्लाह गरेर स्विकृति लिनुपर्नेछ।

### ◆भाडाका आवासहरुको प्रकार पनि थरिथरि छ।

◎नगर आवास वा प्रान्तिय आवास （कामाकुरा नगरपालिका आवास शाखा फोन : ०४६७-६१-३६७९）

◎सार्वजानिक भाडाका आवास（UR、प्रान्तिय सार्वजानिक संस्था）

◎निजीकम्पनीका भाडाका आवासहरु（बजारका रियल स्टेट पसलहरुमा रहेका कोठाहरु）

तिनिहरुमा पनि केहि भिन्नताहरु

कानागावा बिदेशी आवास सहयोग केन्द्रबाट प्रकाशित【भाडाका आवासहरुको प्रकारबारे जानकारी】
सम्पर्क ०४५-२२८-१७५२

मा, सजीलै संग बुझ्न सकिन्छ।

### ◆बस्न चाहेको अवस्था निधो गरौं

| बिषय | लेख्ने ठाउँ | जस्तै | प्राथमिकता |
|---|---|---|---|
| कहिलेसम्म? | | ●महिना सम्ममा | |
| आशा गरेको क्षेत्र? | | ＊＊स्टेशन नजिक | |
| भाडा | | ＊मान येन सम्म<br>करीव : मासिक तलबको<br>३ भागको १ सम्म | |
| आवश्यक कोठा | | २ कोठा जत | |
| आम्दानी | प्रकार（पेन्सन、तलव、गरिबि भत्ता） ＿＿＿＿＿＿＿＿<br>करिब रकम ＿＿＿＿＿＿＿ येन／महिना | | |
| ग्यारेन्टर | | कम्पनीको सहकर्मी | |
| आकस्मिक फोन | | कम्पनीको सहकर्मी | |

यति जानकारी छ भने, रियल स्टेट संग कुरा गर्न सजीलो हुन्छ।

प्राकृतिक प्रकोपको बेला कहाँ गएर जोगिने बारे पनि बुझिराखौ।आफू बस्ने क्षेत्रको हाजर्ड म्याप हात पार्नु राम्रो हुन्छ।

◆ 「आवेदन」 ど 「कन्ट्रयाक्ट」 फरक कुराहुन।

आवेदन～कन्ट्रयाक्ट～कोठा सर्ने सम्मको फ्लो　　　　सुमासेन 「कोठा सर्ने मेनुअल」 बाट साभार

## कोठा भाडामा लिने बेलाको प्रक्रिया

〔विदेशी नागरिक〕　　　　〔घर जग्गा खरिद बिक्री केन्द्रको मान्छे〕

कस्तो कोठा चाहिएको हो भन्ने

विदेशी नागरिकले खोजे जस्तो कोठाको कागजात

चित्त बुझ्दो कोठा रहेछ भने सो कोठा हेर्न जाने

कोठा हेरेर, करार गर्न चाहेमा, आवेदन फारम भर्ने

जाँचबुझ गरिन्छ

＊आवेदन दिने बेलामा जमानी बस्ने ग्यारेन्टर १ जनाको आवश्यकता पर्न पनि सक्छ

निर्णय हुन्छ

बुकिङ गर्ने

＊आवेदन दस्तुर तिर्नु पर्ने हुन पनि सक्छ

करार पत्रको महत्त्वपूर्ण कुराहरू बारे व्याख्या

डिपोजिट, कि-मनी, घर जग्गा खरिद बिक्री केन्द्रको कमिसन, क्षति बिमा, घर भाडा आदि आवश्यक रकम तिरेर करार गर्ने

साँचो लिएर, कोठामा सर्ने

*नोट*: जापानमा, घर जग्गा खरिद बिक्री केन्द्रले आफ्नै स्वामित्वको घर पनि भाडामा दिन्छन् तर धेरै जसो व्यक्तिगत घर नै हुन्छन्। घर जग्गा खरिद बिक्री केन्द्र कोठा भाडामा दिने व्यक्ति र लिने व्यक्तिको बीचमा बसेर कुरा मिलाउने काम

◆ अप्ठ्यारो पर्दा यस्तो कागज पत्र पनि छ हेर्नुहोस्।

कानागावा बिदेशी आवास सहयोग केन्द्रबाट प्रकाशित

【कोठा लिन आवेदनफाराम (८ भाषामा)】　　　　सम्पर्क ०४५-२२८-१७५२

# रियल स्टेटमा जाने बेला

◆रियल स्टेटकम्पनी हरुलाई पनि सहयोग गर्छौं।

रियल स्टेट कम्पनिका महानुभावहरु, बिदेशीहरु बस्न आउदा चाहिने गाइडबुक बनाएका छौ।
यता पनि आवश्यक जानकारी हरु धेरै राखेको छ। काम लाग्न सक्छ हेर्नुहोला।

राष्ट्रिय रियल स्टेट संघबाट प्रकासित [कोठा भाडामा लिनको लागी गाइडबुक]
भाषाहरु अंग्रेजी • चाइनिज • कोरियन • भिएतनाम
सम्पर्क राष्ट्रिय रियल स्टेट संघ कामाकुरा शाखा
०४६७-२३-२०८५

जापान ब्यापि रियल स्टेट संघबाट प्रकासित [कोठा खोज्ने गाइडबुक]
भाषाहरु अंग्रेजी • चाइनिज • कोरियन
सम्पर्क जापान ब्यापि रियल स्टेट संघ कानागावा मुख्यालय • स्योनान शाखा
०४६६-२८-१४४५

जापान भाडाकाआवास म्यानेज संघबाट प्रकासित [कोठा खोज्ने गाइडबुक]
भाषाहरु १२भाषा
सम्पर्क जापान भाडाकाआवास म्यानेज संघ कानागावा
०४५-६५१-२६६२

◆एक्लै रियल स्टेट जान अप्ठ्यारो भएमा

अनुवादक पठाउने योजना प्रयोग गर्नुहोला। सम्पर्कको लागी ●पेज हेर्नुहोला।

◆कन्ट्र्याक्ट गर्दने बेला रियल स्टेट लाई सोध्ने कुराहरु

मेमो लेख्नुहोस्।

## बस्न थाले पछी पनि समस्या परेमा

### ◆कोठा सरेपछि चेक गर्नुपर्ने लिस्ट

| गर्नुपर्ने कुरा | चेक | नबुझेको कुरा<br>（सोध्ने ठाउँ） |
|---|---|---|
| ग्यास कम्पनीलाइ खबर गर्नु भयो? | | रियल स्टेट |
| बासिन्दा दर्ता परिवर्तन गर्नुभयो | | नगरपालिका नागरिक शाखा |
| स्कुलको स्थानतरण गर्नुभयो | | नगरपालिका पढाइ शाखा |
| फोहोर फ्याल्ने दिन हेर्नुभयो | | नगरपालिका फोहोर व्यवस्था शाखा |

※स्थानिय बासिन्दा समुह・स्थानिय नगरबासि समुह आदिमा पसौ। शुल्क लाग्नेछ।

### ◆ अप्ठ्यारो पर्दा यस्तो कागज पत्र पनि छ हेर्नुहोस्।

कानागावा बिदेशी आवास सहयोग केन्द्रबाट प्रकाशित
【बसाइको नियम】【डिपोजिट र पहिलेकै अवस्थामा फिर्ता गर्ने】
सम्पर्क ०४५-२२८-१७५२

### ◆जीवनयापन गर्दा समस्या परेको बेला

| समस्या | सम्पर्क |
|---|---|
| भाडा तिर्न नसक्दा | • कामाकुरा नगरपालिका समाज कल्याण परिषद(ढुक्क जीवन फाँट) ०४६७-२३-१०७५<br>• इन्क्लुजन नेटवर्क कानागावा ०४६७-४६-२११९<br>• नगरपालिका जीवन र कल्याण शाखा ०४६७-६१-३९५८<br>• कानागावा बिदेशी आवास सहयोग केन्द्र ०४५-२२८-१७५२ |
| कोठाको सामान प्रयोग गर्न नजानेमा | रिएल स्टेट पसल （　　） |
| फोहोर फाल्न नजानेमा | नगरपालिका फोहोर व्यवस्था शाखा ०४६७-६१-३९९६ |
| भाषा नबुझेर समस्या परेमा | कानागावा बिदेशी आवास सहयोग केन्द्र ०४५-२२८-१७५२ |
| नगरपालिकामा दर्ताहरु गर्दा भाषागत समस्या भएमा | नगरपालिका कल्चर र मानवाधिकार शाखा ०४६७-६१-३८७० |
| समस्याहरु धेरै भएर कहाँ सल्लाह गर्ने थाहा नभएको अवस्थामा | नगरपालिका जीवनयापन र कल्यानबारे परामर्ष<br>（नगरपालिका १ तला ३ नम्बर काउन्टर） ०४६७-६१-३८६४ |

## कोठा सर्ने बेला

कोठा सर्ने बेलाको फ्लो सुमासेन「कोठा सर्ने मेनुअल」बाट साभार

# घर सर्ने बेलामा पालना गर्नु पर्ने नियमहरू

घर सर्ने बेलामा, सम्बन्धित नगरपालिका, विद्युत प्राधिकरण लगायतका विभिन्न ठाउँमा सम्पर्क नगरि हुँदैन।

### [बसाइँ सर्नु अगाडि]

१ घरधनी अथवा घर जग्गा खरिद बिक्री केन्द्रबाट करार पत्र चेक गरि, करार खारेज हुने समय (सामान्यतया १-२ महिना अघि) सम्ममा सम्पर्क गर्ने

२ बिजुली, ग्याँस, पानी आदिको लागि नगरपालिका वा विद्युत प्राधिकरण आदिमा गएर, करार खारेज गर्ने अथवा बसाइँ सराइको खबर दिने

↓

खानेपानी संस्थान, बिजुली, ग्याँस कम्पनीमा बसाइँ सराइको खबर दिने र महसुल चुक्ता गर्ने →

| | |
|---|---|
| पानी | नजिकैको खानेपानी संस्थानको कार्यालय वा नगरपालिका |
| बिजुली | नजिकैको टोकियो विद्युत कम्पनीको शाखा, कार्यालय |
| ग्याँस | ■सिटि ग्याँसको लागि नजिकैको टोकियो ग्याँसको कार्यालय<br>■प्रोपेन ग्याँसको लागि सो ग्याँसको उत्पादक तथा बिक्रेता |



↓

टेलिफोन कम्पनी एवम् हुलाक कार्यालयमा ठेगाना परिवर्तन हुने कुराको खबर गर्ने →

| | |
|---|---|
| टेलिफोन | NTT जस्ता टेलिफोन कम्पनी |
| हुलाक | नजिकैको हुलाक कार्यालय |

↓

घर सर्ने बेलामा फोहर फाल्ने तरिका
नचाहिने फर्निचर आदि **सोदाइ गोमि** (ठुला आकारका फोहर) लाई सम्पर्क गर्ने →

| | |
|---|---|
| फोहर | नगरपालिका |

### [बसाइँ सर्ने बेला]

१ मालसामान लाने, कोठा सफा गर्ने ➡ सबै मालसामान लाने, कोठा राम्रोसँग सफा गर्ने। ठुला आकारका फोहर बाँकी नराख्ने

२ ●कोठा चेक गर्ने
●साँचो फिर्ता गर्ने
●डिपोजीट रकमको हिसाब गर्ने आदि
➡ घरधनी वा घर जग्गा खरिद बिक्री केन्द्रको उपस्थितिमा करार पत्रमा लेखे बमोजिम कोठालाई पहिलेकै अवस्थामा छोड्ने। नियम पालना गर्ने


◆बसाइँ सरेपछि, १४ दिन भित्रमा नगरपालिकामा गइ ठेगाना परिवर्तनको प्रक्रिया पुरा गर्ने।

## 「एन पि ओ कानागावा बिदेशी आवास सहयोग केन्द्र」 बारे जानकारी

आवास र जीवनयापन बारे, तपाइले बुझ्ने भाषामा परामर्स गर्न सकिन्छ।
रियल स्टेट खोज्ने कुरा, जापानमा बस्दा पालन गर्नुपर्ने नियमहरु बुझेर,
समस्या आइपरेमा भाषागत सहयोग गर्न सकिन्छ।
कृपया फोन वा इमेल बाट सम्पर्क गर्नुहोला।




かながわ外国人すまいサポートセンター




एन पि ओ कानागावा बिदेशी आवास सहयोग केन्द्र
〒२३१-८४५८ योकोहामा सिटि नाकाकु तोकिवा च्यो१-७
योकोहामाYMCA२ तला
फोन ०४५-२२८-१७५२
फ्याक्स ०४५-२२८-१७६८
EMAIL sumai.sc@sumasen.com
URL http://sumasen.com/